


वर्ष ४४ अंक ११ साउन २०७७ जुलाई-अगष्ट २०२०

# मौद्रिक नीतिसम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न



आर्थिक वर्ष २०७७/७८ को मौद्रिक नीतिका लागि सुझाव सङ्कलन गर्ने उद्देश्यले नेपाल राष्ट्र बैंकले २०७७ असार २५ गते काठमाडौंमा सरोकारवाला प्रतिनिधिहरूसँग एक अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो । उक्त अन्तरक्रिया कार्यक्रम गभर्नर महा प्रसाद अधिकारीको उपस्थितिमा वेबिनारमार्फत आयोजना गरिएको हो । कार्यक्रमको संयोजन तथा सहजीकरण डेपुटी गभर्नर शिवराज श्रेष्ठले गर्नुभएको थियो ।

सो कार्यक्रममा बैंकका प्रवक्ता एवम् अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. गुणाकर भट्टले स्वागत मन्तव्यसहित कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो । कार्यक्रममा अर्थ मन्त्रालयका सहसचिव झक्कप्रसाद आचार्य, नेपाल धितोपत्र बोर्डका अध्यक्ष भीष्मराज ढुङ्गाना, वीमा समितिका अध्यक्ष चिरञ्जीवी चापागाईं, कर्मचारी सञ्चय कोषका प्रशासक तुलसीप्रसाद गौतम, त्रिभुवन विश्वविद्यालय, अर्थशास्त्र केन्द्रीय विभागका प्रमुख प्रा.डा. कुसुम शाक्य, नागरिक लगानी कोषका कार्यकारी निर्देशक रमण नेपाल, नेपाल स्टक एक्सचेञ्ज लिमिटेडका प्रमुख कार्यकारी अधिकृत चन्द्रसिंह साउद, नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष भवानी राणा, नेपाल उद्योग परिसंघका वरिष्ठ उपाध्यक्ष विष्णुकुमार अग्रवाल, नेपाल चेम्बर अफ कमर्सका वरिष्ठ उपाध्यक्ष राजेन्द्र मल्ल, होटल एसोसिएसन अफ नेपालका अध्यक्ष सृजना राणा, नेपाल बैंकर्स एसोसिएसनका अध्यक्ष भुवनकुमार दाहाल, नेपाल डेभलपमेन्ट बैंकर्स एसोसिएसनका प्रथम उपाध्यक्ष प्रद्युम्न पोखरेल, नेपाल वित्तीय संस्था संघका अध्यक्ष सरोजकाजी तुलाधर, नेपाल लघुवित्त बैंकर्स संघका अध्यक्ष वसन्तराज लम्सालसहित अन्य सरोकारवाला निकायका प्रतिनिधिहरूको सहभागिता थियो ।

कार्यक्रममा सहभागी उद्योगी, व्यवसायीहरूले कोभिड-१९ बाट प्रभावित उद्योग व्यवसायका निम्ति मौद्रिक नीतिमार्फत राहतका प्याकेज उपलब्ध गराइनुपर्नेमा जोड दिनुभएको थियो । व्यवसायीहरूले कर्जाको साँवा र ब्याज भुक्तानीका निम्ति पुनरतालिकीकरण गर्न र कर्जाको पुनर्संरचना हुनुपर्नेलगायतका विषयमा जोड दिनुभयो । कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै गभर्नर अधिकारीले कोभिड-१९ बाट प्रभावित व्यवसायीका समस्याका सम्बन्धमा मौद्रिक नीतिमार्फत उचित सम्बोधन गरिने जानकारी दिनुभयो । सक्षम व्यवसायीले असारभित्र साँवा र ब्याज भुक्तानी गर्नुपर्ने र नसक्नेको हकमा समयसीमा बढाइने भएकोले व्यवसायीहरूलाई नआत्तिन उहाँले आग्रह गर्नुभयो । साथै व्यवसायीलाई अनावश्यक रूपमा दवाव नदिन उहाँले बैंक तथा वित्तीय संस्थाहरूलाई आग्रह गर्नुभयो । वेबिनारमा प्राप्त सुझावलाई समेटेर मौद्रिक नीति जारी गरिने जानकारी दिँदै गभर्नर अधिकारीले वेबिनार कार्यक्रममा सक्रिय रूपमा सहभागी भई सुझाव दिनुभएकोमा सबैलाई धन्यवादसमेत ज्ञापन गर्नुभएको थियो ।



# पूर्व गभर्नरहरूसँग अन्तरक्रिया



आर्थिक वर्ष २०७७/७८ को मौद्रिक नीति तर्जुमाको सिलसिलामा नेपाल राष्ट्र बैंकका पूर्व गभर्नरहरूबाट सुझाव लिने उद्देश्यले २०७७ असार १८ गते काठमाडौंमा एक अन्तरक्रिया कार्यक्रम आयोजना गरियो । अन्तरक्रिया कार्यक्रममा गभर्नर महा प्रसाद अधिकारीले अर्थतन्त्रको विद्यमान अवस्था, आर्थिक क्षेत्रको पुनरुत्थानका लागि चाल्नुपर्ने कदमहरू तथा वित्तीय क्षेत्रलाई दिशाबोध गर्न अवलम्बन गर्नुपर्ने नीतिगत व्यवस्थाका बारेमा पूर्व गभर्नरहरूको सुझाव महत्वपूर्ण हुने धारणा राख्दै कार्यक्रमको संयोजन गर्नुभयो ।

उक्त कार्यक्रममा पूर्व गभर्नरहरू डा.भेषबहादुर थापा, गणेशबहादुर थापा, दीपेन्द्रपुरुष ढकाल, विजयनाथ भट्टराई, दीपेन्द्रबहादुर क्षेत्री र डा.चिरंजीबि नेपालको उपस्थिति थियो । उक्त कार्यक्रममा उहाँहरूले कोभिड-१९ का कारण मुलुकको अर्थतन्त्र एवम् वित्तीय क्षेत्रमा परेको असरलाई सम्बोधन गर्ने गरी मौद्रिक नीति तर्जुमा गर्न सुझाव दिनुभएको थियो ।

पेट्रोलियम पदार्थको मूल्यवृद्धि र आपूर्ति प्रणालीमा आउन सक्ने सम्भावित अवरोधका कारण आउँदो वर्ष मुद्रास्फीतिमा दवाब बढ्न सक्ने सङ्केत गर्दै उहाँहरूले मूल्यवृद्धिलाई नियन्त्रण गर्ने दिशामा मौद्रिक नीति आउनुपर्ने सुझाव दिनुभयो । कोभिड-१९ का कारण रेमिट्यान्स आप्रवाह र वैदेशिक लगानीमा आउन सक्ने गिरावट तथा भविष्यमा आयातमा वृद्धि हुने सम्भावनाका आधारमा मुलुकको भुक्तानी सन्तुलनमा दवाब पर्नेतर्फ उहाँहरूले राष्ट्र बैंकको ध्यानाकर्षण गराउनुभयो । आगामी मौद्रिक नीति बाह्य क्षेत्र स्थायित्वतर्फ समेत सजग हुनुपर्ने आवश्यकतामा पूर्व गभर्नरहरूले जोड दिनुभयो । साथै, विद्युतीय कारोबारलाई थप प्रवर्द्धन गर्नेतर्फ मौद्रिक नीति केन्द्रित रहनुपर्ने धारणासमेत उहाँहरूले राख्नुभयो ।

वित्तीय प्रणालीमा तरलतालाई सन्तुलनमा राख्नसमेत उहाँहरूले सुझाव दिनुभयो । कोभिड-१९ का कारण पर्यटन, सार्वजनिक यातायात र साना तथा मझौला उद्योगी/व्यवसायीहरू सबैभन्दा बढी प्रभावित भएको उल्लेख गर्दै उहाँहरूले क्षेत्रगत रूपमा कर्जाको पुनर्संरचना, पुनर्तालिकीकरण र अन्य नीतिगत सहुलियतको व्यवस्था मिलाउन राष्ट्र बैंकलाई सुझाव दिनुभयो । सहुलियत प्रदान गर्दा बैंक तथा वित्तीय क्षेत्रको स्थायित्वलाई समेत ध्यान दिनुपर्ने उहाँहरूको सुझाव रहेको थियो । साथै, बैंक तथा वित्तीय संस्थाको मर्जर र प्राप्तिलाई प्रोत्साहन गर्ने व्यवस्था मौद्रिक नीतिमा समेट्नुपर्ने धारणासमेत उहाँहरूले राख्नुभएको थियो ।

सो अवसरमा गभर्नर महा प्रसाद अधिकारीले पूर्व गभर्नरहरूबाट सान्दर्भिक सुझाव प्राप्त भएको उल्लेख गर्दै ती सुझावसमेतलाई समेटेर मौद्रिक नीति जारी गरिने जानकारी दिनुभयो । साथै, उहाँले सुभावको निम्ति पूर्व गभर्नरहरूलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

कार्यक्रममा बैंकका प्रवक्ता एवम् अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. गुणाकर भट्टले मुलुकको वर्तमान आर्थिक तथा वित्तीय स्थितिसम्बन्धी सङ्क्षिप्त विवरण प्रस्तुत गर्नुभयो । कार्यक्रममा डेपुटी गभर्नर शिवराज श्रेष्ठको उपस्थिति थियो ।

# अनुसन्धान विभागको रिसर्च मिट सम्पन्न

नेपाल राष्ट्र बैंक, अनुसन्धान विभागले आर्थिक वर्ष २०७६/७७ को सातौं 'रिसर्च मिट' २०७७ जेठ २६ गते सम्पन्न गर्‍यो ।

विभागका कार्यकारी निर्देशक डा. गुणाकर भट्टको अध्यक्षतामा वेबिनारमार्फत उक्त कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रममा त्रिभुवन विश्वविद्यालय, अर्थशास्त्र केन्द्रीय विभागका प्राध्यापक डा. शिवराज अधिकारीलाई विशेषज्ञ वक्ताको रूपमा निम्त्याइएको थियो । सो अवसरमा प्राध्यापक अधिकारीले 'नेपालको अर्थतन्त्रमा कोभिड-१९ सङ्कटले पारेको प्रभाव र आगामी बाटो' विषयमा वार्ता प्रस्तुत गर्नुभयो । सो क्रममा उहाँले कोभिड-१९ सङ्क्रमणका कारण अर्थतन्त्रमा परेको असरबारे चर्चा गर्दै असरको न्यूनीकरणको निम्ति चाल्नुपर्ने कदमबारे विभिन्न सुझाव प्रस्तुत गर्नुभएको थियो ।

अनुसन्धान विभागका निर्देशक डा. रामशरण खरेलले संयोजन तथा सञ्चालन गर्नुभएको सो कार्यक्रममा विभागका कर्मचारीहरूको सहभागिता रहेको थियो ।

# कोभिड-१९ सम्बन्धी वेबिनार सम्पन्न

नेपाल राष्ट्र बैंकले २०७७ असार ११ गते सार्क राष्ट्रका केन्द्रीय बैंकका अधिकारीहरूको सहभागितामा 'Webinar on Covid-19, Policy Sharing by Members Central Banks of SAARCFINANCE' विषयक वेबिनार आयोजना गऱ्यो ।

उक्त वेबिनारमा नेपाल राष्ट्र बैंकसँगै सार्क राष्ट्रका अन्य केन्द्रीय बैंकहरू दा अफगानिस्तान बैंक, बङ्गलादेश बैंक, रोयल मनिटरी अथोरिटी अफ भुटान, रिजर्व बैंक अफ इण्डिया, माल्दीभ्स मनिटरी अथोरिटी, स्टेट बैंक अफ पाकिस्तान र सेन्ट्रल बैंक अफ श्रीलङ्काका अधिकारीहरूको सहभागिता थियो । सो अवसरमा नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले स्वागत मन्तव्य राख्दै कोभिड-१९ का कारण नेपालको अर्थतन्त्र र वित्तीय क्षेत्रमा परेको असरबारे जानकारी दिनुभयो ।

वेबिनारमा अनुसन्धान विभागका कार्यकारी निर्देशक डा.गुणाकर भट्टले नेपालको वर्तमान आर्थिक स्थितिको चित्रण गर्दै कोभिड-१९ को असरलाई सम्बोधन गर्न नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकले अवलम्बन गरेको नीतिगत व्यवस्थाबारे जानकारी दिनुभयो । यसै गरी, अन्य केन्द्रीय बैंकका अधिकारीहरूले पनि कोभिड-१९ को असर न्यूनीकरणको निम्ति



आ-आफ्ना बैंकले अवलम्बन गरेका नीतिगत व्यवस्थाबारे जानकारी दिनुभएको थियो ।

उक्त वेबिनारको आयोजनाबाट कोभिड-१९ का कारण वित्तीय क्षेत्रमा परेको असर र त्यसको न्यूनीकरणका निम्ति आवश्यक मौद्रिक नीति र अन्य नीतिगत व्यवस्थाको तर्जुमामा सहयोग पुग्ने अपेक्षा राखिएको छ । कार्यक्रममा गभर्नरको कार्यालयका कार्यकारी निर्देशक डा. नेफिल मातङ्गि मास्केले सम्पूर्ण सहभागीहरूलाई धन्यवाद ज्ञापन गर्नुभयो । गभर्नरको कार्यालयका निर्देशक एवम् सार्क फाइनान्स संयोजक गोविन्दप्रसाद नागिलाले उक्त कार्यक्रम सञ्चालन गर्नुभएको थियो । कार्यक्रममा कार्यकारी निर्देशकहरू बैंक वित्तीय संस्था नियमन विभागका देवकुमार ढकाल, बैंक सुपरिवेक्षण विभागका मुकुन्दकुमार क्षेत्री, विदेशी विनिमय व्यवस्थापन विभागका बमबहादुर मिश्रलगायतको सहभागिता रहेको थियो ।

'सार्क फाइनान्स' दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) मा आबद्ध मुलुकका केन्द्रीय बैंकहरूको सञ्जाल हो । सार्क राष्ट्रहरूबीच समष्टिगत आर्थिक नीतिको विषयमा खुला छलफल र पारस्परिक सहयोग आदानप्रदान गर्ने उद्देश्यका साथ सन् १९९८ मा यस सञ्जालको स्थापना भएको थियो ।

# बैंकर्श प्रशिक्षण केन्द्रद्वारा तालिम सम्पन्न

बैंकर्स प्रशिक्षण केन्द्रले २०७७ असार महिनामा दुई वटा तालिम कार्यक्रम सञ्चालन गऱ्यो । केन्द्रले वेबिनारमार्फत उक्त तालिम कार्यक्रमहरू सञ्चालन गरेको हो ।

केन्द्रका अनुसार असार १९ गते "Behavioural Science for Middle Level Officers" विषयक तालिम कार्यक्रम सञ्चालन गरेको हो । कार्यक्रममा बैंकका विभिन्न विभाग/कार्यालय, महाशाखा, इकाई र प्रदेशस्थित कार्यालयका ३४ जना कर्मचारीको सहभागिता रहेको थियो । सो अवसरमा स्रोतव्यक्ति डा. बालकृष्ण खनालले व्यावहारिक विज्ञान विषयमा प्रकाश पार्दै योग, ध्यान, प्रणायाम तथा तनाव व्यवस्थापन सम्वन्धमा वार्ता प्रस्तुत गर्नुभएको थियो ।

यसै गरी केन्द्रले असार २५ र २६ गते "Organizational Behaviour" विषयक तालिम कार्यक्रम सञ्चालन गऱ्यो । उक्त तालिममा विभिन्न विभाग/कार्यालय, महाशाखा, इकाई र प्रदेशस्थित कार्यालयका ४१ जना कर्मचारीको सहभागिता थियो । सो अवसरमा नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानका निर्देशक विनोदकुमार बिष्ट, केदारबहादुर रायमाझी र आवास निरौलाले सम्बन्धित विषयमा वार्ता प्रस्तुत गर्नुभएको थियो ।

बैंकर्श प्रशिक्षण केन्द्रका निर्देशक आनन्द पौड्यालले दुवै तालिम कार्यक्रमको औचित्य र महत्वमाथि प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभएको थियो । साथै, अनलाइन माध्यमबाट सञ्चालन गरिने यस्ता कार्यक्रमलाई आगामी दिनमा थप प्रभावकारी बनाइने जानकारीसमेत उहाँले दिनुभएको थियो । केन्द्रका उप-निर्देशक लक्ष्मीनारायण ताम्राकारले दुवै तालिम कार्यक्रमको सञ्चालन गर्नुभएको थियो ।

# गभर्नर अधिकारीद्वारा पुरस्कार र प्रमाणपत्र प्रदान



नेपाल राष्ट्र बैंकको ६५औं वार्षिकोत्सव-२०७७ को अवसरमा सञ्चालित आर्थिक लेख प्रतियोगिताका विजयी कर्मचारीहरूलाई गभर्नर महा प्रसाद अधिकारीले नगद पुरस्कार र प्रमाणपत्र प्रदान गर्नुभयो । २०७७ असार ३ गते गभर्नरको कार्यालयमा आयोजित कार्यक्रममा गभर्नर अधिकारीले उहाँहरूलाई नगद पुरस्कार र प्रमाणपत्र प्रदान गर्नुभएको हो ।

उक्त प्रतियोगितामा बैंक सुपरिवेक्षण विभागका सहायक निर्देशक अभियान उपाध्याय प्रथम, अनुसन्धान विभागका सहायक निर्देशक चोपकान्त सुवेदी द्वितीय र सामान्य सेवा विभागका सहायक निर्देशक सोमराज नेपालीले तृतीय स्थान हासिल गर्नुभएको थियो । प्रथम, द्वितीय र तृतीय पुरस्कारको राशि क्रमशः रु.दश हजार, आठ हजार र छ हजार तथा प्रमाणपत्र रहेको छ ।

सो अवसरमा गभर्नर अधिकारीले प्रतियोगिताका विजयी कर्मचारीहरूलाई बधाइ ज्ञापन गर्दै लेखन कार्यलाई अझ परिस्कृत ढङ्गले निरन्तरता दिन आग्रह गर्नुभयो । गभर्नरको कार्यालयद्वारा आयोजित उक्त प्रतियोगितामा बैंकका १२ जना कर्मचारीको सहभागिता रहेको थियो ।

कार्यक्रममा डेपुटी गभर्नरद्वय चिन्तामणि शिवाकोटी र शिवराज श्रेष्ठ, गभर्नरको कार्यालयका कार्यकारी निर्देशक डा.नेफिल मातङ्गि मास्केलगायतको उपस्थिति रहेको थियो ।

# जनकपुर कार्यालयमा ज्ञान आदान प्रदान कार्यक्रम सम्पन्न



जनकपुर कार्यालयले २०७७ असार २९ गते कार्यालयको सभाहलमा ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो ।

कार्यालयका निर्देशक हिमप्रसाद न्यौपानेको सभापतित्वमा आयोजित कार्यक्रममा सहायक निर्देशक अनिल शिवाकोटीले 'वित्तीय ग्राहक संरक्षण' विषयमा वार्ता प्रस्तुत गर्नुभएको थियो । सो अवसरमा प्रस्तोता शिवाकोटीले वित्तीय ग्राहक संरक्षणको अवधारणा, यस क्षेत्रमा विश्व बैंक, ओइसिडी, जी-२० जस्ता संस्थाले विकास गरेका ग्राहक संरक्षणका सिद्धान्त, केही देशले अवलम्बन गरेका अभ्यासका साथै नेपालमा भएका कानुनी र व्यावहारिक प्रयासका सम्बन्धमा प्रकाश पार्नुभयो । संघीयताको कार्यान्वयनसँगै बैंक तथा वित्तीय संस्थाबाट प्रवाह हुने वित्तीय सेवाको पहुँच क्रमिक रूपमा विस्तार भइरहेको जानकारीका साथ विकसित मुलुकका केन्द्रीय बैंकले ग्राहक संरक्षणको निम्ति अवलम्बन गरेका नीतिगत व्यवस्थाको चर्चा गर्दै वित्तीय सेवाग्राहीको हित संरक्षणतर्फ राष्ट्र बैंकले थप प्रयास गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

प्रभावकारी ग्राहक संरक्षण नीतिको अवलम्बनबाट वित्तीय क्षेत्रको विश्वसनीयता अभिवृद्धि हुने, वित्तीय क्षेत्रको स्थायित्व र विकासमा मद्दत पुगी सेवाको गुणस्तर र स्वच्छ प्रतिस्पर्धालाई प्रवर्द्धन गर्ने उहाँको प्रस्तुति थियो । कार्यक्रममा प्रस्तुत वार्तामाथि छलफलको क्रममा निर्देशक न्यौपाने र उप-निर्देशक डा. महेशप्रसाद चौलागाईंले सहभागीले राखेका जिज्ञासाको जवाफ दिनुभयो ।

सो अवसरमा निर्देशक न्यौपानेले केही वर्षदेखि देशमा बैंक तथा वित्तीय संस्थाको शाखा सञ्जाल र वित्तीय सेवाको पहुँचमा उल्लेख्य विस्तार भएसँगै वित्तीय वित्तीय सेवाप्रति ग्राहकहरूको गुनासो बढेको जानकारी दिनुभयो । नीतिगत व्यवस्था विपरीत सेवा शुल्क लिने, जानकारी विना नै कर्जामा ब्याज वृद्धि गर्ने, उपयोग नगरेको कर्जा सीमामा पनि ब्याज असुल गर्ने, कर्जा चुक्ता भइसक्दा पनि धितो फुकुवा नहुने, सम्भाव्य परियोजनामा पनि कर्जा प्रवाह गर्न आनाकानी गर्ने, प्रिपेमेन्टमा जरिवाना लगाउने जस्ता गुनासो आउने गरेको बताउनुभयो । साथै निर्देशक न्यौपानेले नेपालमा वित्तीय ग्राहक संरक्षणको लागि भएका प्रयासको चर्चा गर्दै ग्राहकका बढ्दो गुनासो समाधान गर्न नेपाल राष्ट्र बैंकका प्रदेशस्थित कार्यालयहरूको भूमिका महत्वपूर्ण हुने धारणा राख्नुभयो ।

कार्यक्रममा जनकपुर कार्यालयका ४५ जना कर्मचारीको सहभागिता रहेको थियो । सहायक निर्देशक अनिलकुमार झा र का.मु. सहायक निर्देशक गंगेशकुमार झाले संयुक्त रूपमा कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# सिद्धार्थनगरमा शपथ ग्रहण कार्यक्रम



सिद्धार्थनगर कार्यालयका निर्देशक राजेन्द्र भट्टराईले तिनाउ मिशन डेभलपमेन्ट बैंक र उन्नति सहकार्य लघुवित्त वित्तीय संस्थाका नवनिर्वाचित अध्यक्ष क्रमशः जीवनप्रसाद ओझा र डा. अनिता ढुङ्गाना शाहलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराउनुभयो।

२०७७ असार २६ गते सिद्धार्थनगर कार्यालयमा आयोजित कार्यक्रममा उहाँहरूले शपथ लिनुभएको हो। यसै गरी, निर्देशक भट्टराईले असार ३१ गते जनउत्थान लघुवित्त वित्तीय संस्थाका नवनिर्वाचित अध्यक्ष बाबुराम विश्वकर्मालाई पद तथा गोपनीयताको शपथ ग्रहण गराउनुभयो। सो अवसरमा निर्देशक भट्टराईले उहाँहरूलाई सफल कार्यकालको निम्ति शुभकामना समेत दिनुभयो। उहाँहरूको कार्यकाल चार वर्षको हुनेछ।

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १४ (५) मा सञ्चालकले आफूमध्ये बहुमतबाट छानेको व्यक्ति सञ्चालक समितिको अध्यक्ष हुने व्यवस्था छ। सोही ऐनको दफा १२७ मा बैंक तथा वित्तीय संस्थाका अध्यक्षले राष्ट्र बैंकसमक्ष पद तथा गोपनीयताको शपथ लिनुपर्ने व्यवस्था छ।

# बढुवा

नेपाल राष्ट्र बैंकमा रिक्त रहेको प्रशासन सेवातर्फको निर्देशक (अधिकृत प्रथम) पदमा २०७७ असार २४ देखि लागू हुनेगरी आन्तरिक प्रतियोगितात्मक परीक्षामार्फत चार जना उप-निर्देशकहरू बढुवा हुनुभएको छ। जनशक्ति व्यवस्थापन विभागका अनुसार यसरी बढुवा हुनेमा संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागका डा.राजनकृष्ण पन्त, जनशक्ति व्यवस्थापन विभागका दुर्गेशगोपाल श्रेष्ठ, इन्द्रा चम्लागाई (मैनाली) र रन्जना पौडेल पण्डित (कामकाजः अन्तर्राष्ट्रिय मुद्रा कोष) हुनुहुन्छ।

यसैगरी, प्रशासन सेवाअन्तर्गत रिक्त रहेको उप-निर्देशक (अधिकृत द्वितीय) मा आन्तरिक प्रतियोगितात्मक परीक्षाबाट ११ जनाको बढुवा भएको छ। यसरी बढुवा हुनेमा बैंक सुपरिवेक्षण विभागका सचिनराज पिया, विकास बैंक सुपरिवेक्षण विभागका सार्थक कार्की, मुद्रा व्यवस्थापन विभागका मणिराज श्रेष्ठ, आर्थिक अनुसन्धान विभागका जनकराज सापकोटा, बैंक सुपरिवेक्षण विभागका सौरभ पोखरेल, आर्थिक अनुसन्धान विभागका विपिनकुमार महतो, विकास बैंक सुपरिवेक्षण विभागका विष्णुप्रसाद सुवेदी, बैंक सुपरिवेक्षण विभागका शिव रेग्मी, वित्तीय जानकारी इकाईका मित्रप्रसाद तिम्सिना, बैंक सुपरिवेक्षण विभागका इन्द्रविक्रम पहारी र निरज अधिकारी रहनुभएको विभागद्वारा २०७७ असार २६ गते जारी सूचनामा जनाइएको छ।

यसैगरी, प्रशासन सेवातर्फ नै रिक्त रहेको प्रधान सहायक (सहायक प्रथम) मा आन्तरिक प्रतियोगितात्मक परीक्षाबाट १५ जनाको बढुवा भएको छ। जनशक्ति व्यवस्थापन विभागद्वारा २०७७ असार २८ गते जारी सूचना अनुसार यसरी सिद्धार्थनगर कार्यालयका भविस्वोर पोखरेल र पदमराज भुसाल, बैंकिङ विभागका प्रदीपकुमार पाठक, विराटनगर कार्यालयका सरोज कटुवाल, मुद्रा व्यवस्थापन विभागका प्रकाश पोखेल, पोखरा कार्यालयका राजेन्द्र लम्साल, बैंकिङ विभागका वाशु रिजाल, वित्त व्यवस्थापन विभागका गीता पोखेल लम्साल हुनुहुन्छ। बढुवा हुने अन्य कर्मचारीमा सिद्धार्थनगर कार्यालयका कमलप्रसाद आचार्य र चेतना नेपाल, विराटनगर कार्यालयका देवकान्त मण्डल, लघुवित्त संस्था सुपरिवेक्षण विभागका बिमल केसी, नेपालगञ्ज कार्यालयका विमलकिशोर गिरी, बैंकिङ विभागका विजयता राजभण्डारी र विराटनगर कार्यालयका वेदनिधि घिमिरे हुनुहुन्छ।

*नेपाल राष्ट्र बैंक समाचार* बढुवा हुने सबै कर्मचारीहरूमा हार्दिक बधाई ज्ञापन गर्दछ।

# सरुवा, पदस्थापन र कायममुकायम मुकर्रर

नेपाल राष्ट्र बैंकका विभिन्न विभाग/कार्यालयका निर्देशक (अधिकृत प्रथम) हरूको सरुवा तथा पदस्थापन भएको छ। २०७७ असार २५ को निर्णय अनुसार उहाँहरूको सरुवा तथा पदस्थापन भएको हो।

जनशक्ति व्यवस्थापन विभागका अनुसार, विकास बैंक सुपरिवेक्षण विभागका विमलराज खनाल सामान्य सेवा विभाग, बैंकिङ विभागका रामप्रसाद गौतम लघुवित्त संस्था सुपरिवेक्षण विभाग, गभर्नरको कार्यालयका सत्येन्द्र तिमिल्सिना विराटनगर कार्यालय, विराटनगर कार्यालयका रोशनकुमार सिग्देल गभर्नरको कार्यालय, पोखरा कार्यालयका डा.डिल्लीराम पोखेल आर्थिक अनुसन्धान विभाग, धनगढी कार्यालयका निश्चल अधिकारी भुक्तानी प्रणाली विभाग, आर्थिक अनुसन्धान विभागका दीपकराज लामिछाने नेपालगञ्ज कार्यालय, वीरगञ्ज कार्यालयका राजनविक्रम थापा विकास बैंक सुपरिवेक्षण विभाग, सिद्धार्थनगर कार्यालयका राजेन्द्र भट्टराई सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग, जनकपुर कार्यालयका हिमप्रसाद न्यौपाने बैंक सुपरिवेक्षण विभाग, नेपालगञ्ज कार्यालयका मुक्तिनाथ सापकोटा बैंक तथा वित्तीय संस्था नियमन विभाग र राष्ट्र ऋण व्यवस्थापन विभागका सुषमा रेग्मी (रिजाल) संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागमा सरुवा हुनुभएको छ।

यसैगरी, गभर्नरको कार्यालयका गोविन्दप्रसाद नागिला मुद्रा व्यवस्थापन विभाग (टक्सार महाशाखा), भुक्तानी प्रणाली विभागका शुभाषचन्द्र घिमिरे धनगढी कार्यालय, बैंक सुपरिवेक्षण विभागका सुदीप फुयाल सिद्धार्थनगर कार्यालय, सम्पत्ति तथा सेवा व्यवस्थापन विभागका डिलाराम सुवेदी बैंक सुपरिवेक्षण विभाग, लघुवित्त

संस्था सुपरिवेक्षण विभागका शैलेन्द्र रेग्मी राष्ट्र ऋण व्यवस्थापन विभाग, बैंक तथा वित्तीय संस्था नियमन विभागका वीरेन्द्रदत्त अवस्थी बैंकिङ कार्यालय र आर्थिक अनुसन्धान विभागका ईश्वरीप्रसाद भट्टराई पोखरा कार्यालयमा सरुवा हुनुभएको छ । यस्तै, संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागका का.मु.निर्देशक आर्या जोशीलाई आर्थिक अनुसन्धान विभाग र मुद्रा व्यवस्थापन विभाग (टक्सार महाशाखा) का का.मु.निर्देशक थानेश्वर आचार्यलाई कानुन महाशाखामा सरुवा गरिएको छ ।

साथै, हालै आन्तरिक प्रतियोगितात्मक परीक्षाबाट बढुवा हुनुभएका चार जना निर्देशकको पदस्थापन भएको छ। जस अनुसार, डा.राजनकृष्ण पन्त वीरगञ्ज कार्यालय, दुर्गेशगोपाल श्रेष्ठ जनकपुर कार्यालय, इन्द्रा चम्लागाई (मैनाली) विदेशी विनिमय व्यवस्थापन विभाग र रन्जना पौडेल पण्डित अतिरिक्त दरबन्दी (कामकाजः अन्तर्राष्ट्रिय मुद्रा कोष) मा पदस्थापन हुनुभएको छ। साथै, विदेशी विनिमय व्यवस्थापन विभागका उप-निर्देशक नारायणप्रसाद पोखेललाई गभर्नरको कार्यालयमा सरुवा गरी २०७७ साउन १ देखि लागू हुने गरी निर्देशक (अधिकृत प्रथम) मा कायममुकायम मुकर्रर गरिएको जनशक्ति व्यवस्थान विभागले जनाएको छ ।

२०७७ असार ३ र २८ गतेको निर्णय अनुसार विभिन्न विभाग/कार्यालयका उप-निर्देशक र सहायक निर्देशकहरूको सरुवा भएको छ । जस अनुसार, उप-निर्देशकतर्फ आर्थिक अनुसन्धान विभागका सुवास आचार्य बैंक तथा वित्तीय संस्था नियमन विभाग, आर्थिक अनुसन्धान विभागका प्रियंका बस्न्यात वित्तीय जानकारी इकाई, वित्तीय जानकारी इकाईका चन्द्रमणि निरौला लघुवित्त संस्था सुपरिवेक्षण विभाग (कामकाज), गभर्नरको कार्यालयका शिवप्रसाद घिमिरे विकास बैंक सुपरिवेक्षण विभाग, आर्थिक अनुसन्धान विभागका खगेश्वर भण्डारी विदेशी विनिमय व्यवस्थापन विभाग, विकास बैंक सुपरिवेक्षण विभागका डम्बर सुवेदी गभर्नरको कार्यालय, विदेशी विनिमय व्यवस्थापन विभागका डा.भागवत आचार्य गभर्नरको कार्यालय, बैंक सुपरिवेक्षण विभागका टीकाराम खतिवडा गभर्नरको कार्यालय, विदेशी विनिमय व्यवस्थापन विभागका कृष्णशरण फुयाल बैंक सुपरिवेक्षण विभाग, गभर्नरको कार्यालयका तेजबहादुर खाँड लघुवित्त संस्था सुपरिवेक्षण विभाग (कामकाज), सम्पत्ति तथा सेवा व्यवस्थापन विभागका टेकेन्द्र भट्टराई बैंक तथा वित्तीय संस्था नियमन विभाग र गभर्नरको कार्यालयका मनोजकुमार केसी सम्पत्ति तथा सेवा व्यवस्थापन विभागमा सरुवा हुनुभएको छ ।

यसैगरी, हालै आन्तरिक प्रतियोगितात्मक परीक्षाबाट उप-निर्देशक (अधिकृत द्वितीय) मा बढुवा हुनुभएका ११ जनालाई विभिन्न विभाग/कार्यालयमा पदस्थापन गरिएको छ । जस अनुसार सचिनराज पिया विदेशी विनिमय व्यवस्थापन विभाग, सार्थक कार्की विकास बैंक सुपरिवेक्षण विभाग, मणिराज श्रेष्ठ विदेशी विनिमय व्यवस्थापन विभाग, जनकराज सापकोटा आर्थिक अनुसन्धान विभाग, सौरभ पोखरेल भुक्तानी प्रणाली विभाग (कामकाज), विपिनकुमार महतो मुद्रा व्यवस्थापन विभाग, विष्णुप्रसाद सुवेदी जनशक्ति व्यवस्थापन विभाग, शिव रेग्मी बैंक सुपरिवेक्षण विभाग, मित्रप्रसाद तिम्सिना जनशक्ति व्यवस्थापन विभाग, इन्द्रत्रिविक्रम पहारी बैंक सुपरिवेक्षण विभाग र निरज अधिकारी संस्थागत योजना विभागमा पदस्थापन हुनुभएको छ ।

यसैगरी, सहायक निर्देशकहरू संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागका राजकुमार खत्री र बैंकिङ विभागका भुवानीप्रसाद गौतम लघुवित्त संस्था सुपरिवेक्षण विभाग, विकास बैंक सुपरिवेक्षण विभागका विष्णुप्रसाद फयल गभर्नरको कार्यालय, सम्पत्ति तथा सेवा व्यवस्थापन विभागका हरिश्चन्द्र ढकाल विकास बैंक सुपरिवेक्षण विभाग, विकास बैंक सुपरिवेक्षण विभागका बद्रीनारायण थापा सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग, बैंक तथा वित्तीय संस्था नियमन विभागका ध्रुवविक्रम थापा संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागमा सरुवा हुनुभएको छ ।

यस्तै, मुद्रा व्यवस्थापन विभागका संगीता सिलवाल विकास बैंक सुपरिवेक्षण विभाग, राष्ट्र ऋण व्यवस्थापन विभागका इन्दुदेवी रेग्मी तिवारी आन्तरिक लेखापरीक्षण विभाग, लघुवित्त संस्था सुपरिवेक्षण विभागका प्रकाशकुमार धिताल बैंकिङ विभाग, आर्थिक अनुसन्धान विभागका समिरहरि शर्मा गभर्नरको कार्यालय, गभर्नरको कार्यालयका एरिका कोइराला बैंक सुपरिवेक्षण विभाग, आन्तरिक लेखापरीक्षण विभागका निकी महर्जन बैंक तथा वित्तीय संस्था नियमन विभाग, बैंकिङ विभागका डीना खड्का विदेशी विनिमय व्यवस्थापन विभाग, बैंक सुपरिवेक्षण विभागका रोशन दाहाल गभर्नरको कार्यालय र गभर्नरको कार्यालयका अमिष ढुङ्गेललाई बैंक सुपरिवेक्षण विभागमा सरुवा गरिएको छ ।

यसैगरी, २०७७ असार २९ को निर्णय अनुसार विभिन्न कार्यालयका सहायकस्तरका कर्मचारीको सरुवा भएको छ। जनशक्ति व्यवस्थापन विभागका अनुसार बैंकिङ कार्यालयका प्रधान सहायकहरू तुलसा ओझा धनगढी कार्यालय, अर्चना आचार्य वित्तीय जानकारी इकाई, विवेक देवकोटा आर्थिक अनुसन्धान विभाग, होमबहादुर काउचा वित्तीय जानकारी इकाई र आशिष ज्ञवाली लघुवित्त संस्था सुपरिवेक्षण विभागमा सरुवा हुनुभएको छ ।

साथै, आन्तरिक प्रतियोगितात्मक परीक्षाबाट हालै बढुवा भएका १५ जना प्रधान सहायकहरूको पदस्थापन भएको छ। जस अनुसार भविस्वोर पोखरेल र पदमराज भुसाल सिद्धार्थनगर कार्यालय, प्रदीपकुमार पाठक बैंकिङ विभाग, सरोज कटुवाल विराटनगर कार्यालय, प्रकाश पोखेल मुद्रा व्यवस्थापन विभाग, राजेन्द्र लम्साल पोखरा कार्यालय, वाशु रिजाल बैंकिङ विभाग र गीता पोखेल लम्साल वित्त व्यवस्थापन विभागमा पदस्थापन हुनुभएको छ । यसै गरी सिद्धार्थनगर कार्यालयका कमलप्रसाद आचार्य र चेतना नेपाल, विराटनगर कार्यालयका देवकान्त मण्डल, लघुवित्त संस्था सुपरिवेक्षण विभागका बिमल केसी, नेपालगञ्ज कार्यालयका विमलकिशोर गिरी, बैंकिङ विभागका विजयता राजभण्डारी र विराटनगर कार्यालय वेदनिधि घिमिरे तत्तत् विभाग/कार्यालयमा पदस्थापन हुनुभएको छ ।

यसैगरी, सहायकतर्फ वित्तीय जानकारी इकाईका भवानी कार्की बैंकिङ विभाग, बैंकिङ विभागका सरला पोखेल लघुवित्त संस्था सुपरिवेक्षण विभाग र विराटनगर कार्यालय (कामकाज) का आयुष मानन्धर सूचना प्रविधि महाशाखामा सरुवा हुनुभएको छ ।

प्रकाशक
नेपाल राष्ट्र बैंक गभर्नरको कार्यालय, जनसम्पर्क महाशाखा
बालुवाटार, काठमाण्डौं, फोन : ४४१९८०४, Ext.: १३९/१४०
ईमेल : samachar@nrb.org.np, वेवसाईट : www.nrb.org.np

;Dkfbs
डा. भागवत आचार्य

सम्पादन सहयोगी
विष्णुदत्त पाण्डेय
लालकुमार सुवेदी
नवीना ताम्राकार